# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्ड ७** **संख्या २** **मिति २०८१।०३।३०**


भाग–२

# प्रसौनी गाउँपालिका

## प्रसौनी गाउँपालिका खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, पालिका एकताको प्रवर्द्धन तथा पालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा प्रसौनी गाउँपालिका क्षेत्रभित्रका खेलाडीहरूलाई सहभागी गराउन एवं गाउँपालिका भित्र रहेका खेलकुदसँग सम्बन्धीत संघ संस्थाहरूलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम प्रसौनी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "प्रसौनी गाउँपालिका खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि प्रसौनी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

ग) यो कार्यविधि कार्यापालिकाले पारित गरेपछि तुरून्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रशंग अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

ग) "कार्यविधि" भन्नाले "प्रसौनी गाउँपालिका खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले प्रसौनी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ङ) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँपालिकालाई सम्झनु पर्छ ।

च) "अध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

छ) "उपाध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ज) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रसौनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "शिक्षा शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

ञ) "निर्देशक समिति" भन्नाले परिच्छेद २ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

ट) "खेलकुद सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले यस कार्यविधिको नियम ४ बमोजिम गठन भएको खेलकुद सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

ठ) "संयोजक' भन्नाले निर्देशक समितिको संयोजक र खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिको संयोजकलाई समेत सम्झनु पर्छ ।

ड) "सदस्य" भन्नाले निर्देशक समितिको सदस्य र खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

ढ) "सदस्य-सचिव" भन्नाले निर्देशक समितिको सदस्य सचिव सम्झनु पर्छ ।

ढ) टिम, क्लब र संघ संस्था" भन्नाले प्रसौनी गाउँपालिकामा कार्यक्षेत्र भएका नियमानुसार दर्ता भएका प्रसौनी गाउँपालिका क्षेत्र भित्रका टिम, क्लब, र संघ संस्थामा सम्वद्ध खेलाडी तथा खेल। विवरण समेतलाई सम्झनु पर्छ ।

ण) "खेलकुद" भन्नाले हल्दिवारी गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलिने/खेलाइने खेलकुद समेतलाई सम्झनु पर्छ ।

त) "प्रशिक्षक" भन्नाले हल्दिबारी गाउँपालिका द्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ संस्था खेल प्रशिक्षक समितिमा सम्बद्ध विधागत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

परिच्छेद-२

निर्देशक समिति गठन र कार्यहरू

३. निर्देशक समिति गठनः

१) खेलकुद सम्बन्धी नीतिगत तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धीत आवश्यक निर्णय र कार्यान्वयन गरी खेलकुदलाई प्रभावकारी बनाउने उद्देश्यले देहाय बमोजिमको एक निर्देशक समिति गठन हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| आ.प्र. शाखा प्रमुख | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

(२) खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिले निर्देशक समिति सँग समन्वय गरेर बैठक बसी सो समन्वयात्मक वैठकबाट भएका निर्णयहरु कार्यान्वयन गर्नु समितिको कर्तव्य हुनेछ ।

४. खेलकुद सञ्चालन तथा व्यवस्थापन समिति गठनः

क) खेलकुद सम्बन्धी व्यवस्थापकीय पक्षसँग सम्बन्धीत आवश्यक निर्णय र कार्यान्वयन गरी खेलकुदलाई प्रभावकारी बनाउने उद्देश्यले देहाय बमोजिमको एक खेलकुद सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

| | |
|---|---|
| कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना पालिका अध्य तोकेको राष्ट्रिय स्तरको खेलाडी मध्य एक जना | संयोजक |
| पालिका अध्यक्षले तोकेको गाउँसभा सदस्यहरू मध्येबाट एक जना महिला स दुई जना | सदस्य |
| सबै वडाका वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य मध्येबाट एक जना | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा कार्यालयले तोकेको सम्बन्धित कर्मच | सदस्य–सचिव |

ख) निर्देशन समिति सँगको समन्वयमा खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिमा खेलको प्रकृति र आवश्यकता अनुसार विधागत प्रशिक्षकलाई आमन्त्रित सदस्यका रूपमा सहभागि गराउन सकिने छ ।

ग) खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

घ) समितिका मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र निजहरूलाई पुनः मनोनयन गर्न सकिनेछ ।

ङ) बैठक सम्वन्धी अन्य कार्याविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिका कार्यहरूः

क) खेलकुद गतिविधिहरूलाई संस्थागत रूपमा विकास गर्दै लैजाने,

ख) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई उत्तरदायी, अनुशासित खेलाडीलाई प्रोत्साहन गर्ने,

ग) प्रसौनी गाउँपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरू उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

घ) टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गर्ने/गराउने ।

ङ) खेलकुद विकासको निम्ती भौतिक पुर्वाधारहरू तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरूलाई पनि सरिक गराउने ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

छ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरूलाई समेत खेलकुद, शारीरिक व्यायामले स्वस्थ रहन सहयोग पुयाउने ।

ज हल्दीवारी अन्तर्गत शैक्षिक संस्थाहरूमा खेलकुद प्रशिक्षकहरूको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

(झ) निर्देशक समितिको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ । समय समयमा निर्देशक समिति सँग वैठक वस्ने ।

ञ) खेलप्रेमी संघ संस्था, क्लब र अन्य महानुभावबाट खेल विकासको लागि सहयोग जुटाउन एक पालिका खेलकुद व्यवस्थापन तथा सञ्चालन कोष खडा गर्न सकिनेछ ।

६. संयोजकको काम कर्तव्य र अधिकारः

क) खेलकुद सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व संयोजकको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरूको वार्षिक कार्ययोजना तयार गरी आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउने ।

ग) राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरूमा पालिकाको प्रतिनिधित्व गर्ने/गराउने। घ) समितिको बैठक बस्न नसकेको अवस्थामा पालिकामा गर्ने पर्ने खेलकुद सम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्ने/गराउने ।

ङ) समितिले तोकेको अन्य कार्यहरू गर्ने / गराउने ।

७. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

क) समितिको प्रशासनिक प्रमुखको रूपमा कार्य गर्ने ।

ख) समितिको नीतिगत रूपमा सरसल्लाह प्रदान गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयन गर्ने ।

घ) बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने तथा खर्चमा मितव्यिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

## परिच्छेद-३

## खेलकुद प्रतियोगिता व्यवस्थापन

(क) संयोजकको नेतृत्वमा अन्तरपालिका, पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पालिकाको प्रतिनिधित्व गराइनेछ ।

ख) समितिको निर्णानुसार सहभागी हुन जाने टिमको खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नियमानुसार सुविधा प्रदान गरिनेछ ।

ग) प्रसौनी गाउँपालिका क्षेत्रभित्र नियमानुसार दर्ता भएका टिम, क्लब, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगितामा खेलाडीहरू सहभागि गराइनेछ ।

घ) प्रचलित कानुन अनुसार यस अघि भएका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिने छ ।

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०
प्रमाणिकरण मिति २०८१।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत